# भूमिकास्थान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

Website: bhumikasthanmun.gov.np
E-mail: bhumikasthanmunicipality@gmail.com


पत्र संख्या : २०८१/०८२
चलानी नम्बर : ६९६८

## तहवृद्धिको लागि आवेदन फाराम पेश गर्ने सम्बन्धी सूचना !

सूचना नः ०२/०८१/८२

(सूचना प्रकाशित मितिः २०८२/०३/१८ गते)

लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३१ को उपदफा (९) बमोजिम श्रावण १ गतेदेखि लागु हुनेगरी तहबृद्धि गर्ने ब्यबस्था रहेकोले २०८२ आषाढ मसान्तसम्ममा लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३१ अनुसार **तहवृद्धिको लागि तोकिएको सेवा अवधि र शैक्षिक योग्यता पूरा गरेका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अंक प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका, दफा ३४ वमोजिमको अवस्था विद्यमान नरहेका** यस नगर कार्यपालिकाको कार्यालय वा अन्तर्गत कार्यरत ईच्छुक कर्मचारीहरुले यस कार्यालयमा लुम्बिनी प्रदेश, स्थानीय निजामती सेवा नियमावली,२०८१ को नियम ४८ र सोही नियमावलीको अनुसूची -१६ वमोजिमको ढाँचामा देहाय अनुसारका कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयको प्रशासन शाखामा आवेदन फाराम पेश गर्नुहुन जानकारीको लागि स्थानीय निजामती सेवा नियमावली २०८१ को नियम ४७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. सक्कल निवेदन,
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
३. हालको पदको स्थायि नियुक्ति पत्र/समायोजन/बढुवा पत्रको प्रतिलिपी,
४. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपि,
५. पछिल्ला पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेश गरेको निकायको विवरण,
६. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,
७. हालसम्म विभागीय कारवाही नपरेको तथा प्रचलित कानून बमोजिम तह वृद्धिका लागि अयोग्य नरेहेको स्वःघोषणा;
८. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी ।

जग्दिश चन्द्र नेपाली
प्रमुख प्रशासकीय अधिकृत


जग्दिश चन्द्र नेपाली
प्रमुख प्रशासकीय अधिकृत